# भोजपुर नगरपालिका

## मर्मत संभार कोष संचालन निर्देशिका, २०७५

..........................................

कैलाश कुमार आले
नगर प्रमुख
भोजपुर नगरपालिका
प्रमाणिकरण मिति : २०७५/२/

## प्रस्तावना

सडक यातायात विकासको पूर्वाधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक यातायातले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सर्व सुलभ यातायातको पहूंच ग्रामीण क्षेत्रसम्म पुऱ्याउन यस नगरपालिकाको लक्ष्य पनि हो । जिल्लामा सडकहरुको ट्र्याक खन्ने कार्य बढ्दो छ र बनी सकेको सडकमा यातयात सुचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक, पुल, कलभट, रिटेनिङ्ग वाल लगायत सडक पुर्वधारका संरचना मर्मत गर्नु पर्ने जरुरी छ । यातायात सूचारु भएका सडकहरुमा मर्मत गर्नै माग बढ्दो रुपमा देखिएको छ । तसर्थ सडक मर्मतलाई व्यवस्थित गरी दिगो पार्नको लागि मर्मत सम्भार कोष स्थापना गर्नु पर्ने आवश्यकु भएको हुदाँ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ तयार गरिएको हो ।

## परिच्छेद- १
## संक्षिप्त नाम र प्रारम्भ

१. यो निर्देशिकाको नाम मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ रहने छ ।

२ यो निर्देशिका भोजपुर नगरपालिकाको मिति        गतेको दोश्रो नगरसभा को निर्णयानुसार लागू गरिएको छ ।

## परिच्छेद- २
## परिभाषा

२. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :
(क) “निर्देशिका” भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ सम्झनु पर्छ ।
(ख) “नगरपालिका” भन्नाले भोजपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भोजपुर लाई **सम्झ**नुपर्छ ।

(ग) “उपभोक्ता समिति” भन्नाले गाउ टोल आदि क्षेत्रमा सञ्चालन हुने आयोजनावाट प्रत्यक्ष सेवा पुग्ने समूहवाट उक्त योजना संचालन गर्न वनेको संगठन भन्ने सम्झनु पर्छ ।

## परिच्छेद- ३
## व्यवस्थापन समिति

३. व्यवस्थापन समितिको गठन -: क) मर्मत सम्भार कोषलाई वढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय वमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ -:

| | |
|---|---|
| १. नगर प्रमुख | -संयोजक: |
| २. नगर उप प्रमुख | - सहसंयोजक |
| ३. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४. भौतिक पुर्वाधारप समिति अध्यक्ष | -सदस्य |
| ५. योजना अनुगमन शाखा प्रमुख | -सदस्य-सचिव |

ख) समितिको वैठक कम्तीमा ४ महिनामा एक पटक वस्ने छ र आवश्यक परेमा जुनसुकै वखत पनि वस्नेछ ।
ग) वैठकमा आवश्यकता अनुसार कसैलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिने छ ।

४ व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार- : क. व्यवस्थापन समितिको निम्नानुसार काम कर्तव्य र अधिकार हुनेछ ।
१. नगरमा रहेका सडकहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउने ।
२. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने ।
३. मर्मत सम्भारलाई दिगो र भरपर्दो वनाउने उपायको खोजी गर्ने ।
४. सडक मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत्सम्वन्धि कार्य योजना वनाउने ।
५. सडक मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाउने ।
६. सडक मर्मत सम्भार सम्वन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

# परिच्छेद-४
## कोष स्थापना

५. मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिनेछ जसमा देहाय वमोजिमको रकम जम्मा हुनेछ :-

(१) केन्द्र सरकारबाट प्राप्त रकम
(२) प्रदेश सरकारबाट प्राप्त रकम
(३) स्थानीय तहबाट प्राप्त रकम
(४)स्थानीय गैह्र संघ संस्थावाट प्राप्त रकम
(५) विदेशी राष्ट्रवाट प्राप्त रकम ।
(६) विविध

६ कोष सञ्चालन -:

(क) कोषको नाममा प्राप्त हुन आएको रकम भोजपुर नगरपालिकामा मर्मत सम्भार कोष नामको खाता खोली जम्मा गरिने छ ।
(ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको प्रमुखको संयूक्त दस्तखतवाट सञ्चालन हूनेछ ।
(ग) कोषको आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखावाट हूनेछ ।
(घ) कोषको अन्तिम लेखा परिक्षणहालेखाम परिक्षकको विभागवाट हूनछे ।

# परिच्छेद- ५
## कोषको खर्च प्रणाली

७. कोषवाट हुने खर्च - मर्मतः सम्भार कोषमा जम्मा हून आएको रकम देहाय वमोजिमको मर्मत सम्भार कार्यमा मात्र खर्च गरिनेछ ।

१. सडकको नियमित मर्मत सम्भार ।
२. सडकको पटके मर्मत सम्भार ।
३. सडकको आवधिक मर्मत सम्भार ।
४. आकस्मिक मर्मत सम्भार ।

(क). सडकको नियमित मर्मत सम्भार - नियमितः मर्मत सम्भार गर्दा देहायोजिमकोवम कार्यहरु गरिनेछ :-
१. सडक किनाराको ढल तथा नालीको सफाई गर्ने ।
२. सडकमा खसेको माट्टो र ढुंगा हटाउने ।
३. नाली र सडक नजिकैको घास तथा रुखको हागा काट्ने
४. पुल तथा कल्भर्टको सफाई गर्ने ।
५. सडकमा राखिएका अन्य वस्तुको सफाई गर्ने ।

(ख). सडकको पटके मर्मत सम्भारः - पटके मर्मत सम्भार गर्दा देहाय वमोजिमका कार्यहरु गरिने छ :
१. माटे सडकमा सवारी साधनको चक्काले बनाएको खाल्डो पुर्नृ ।
२. सडक सतहको खाल्डो पुर्ने ।
३. ग्राभेल सडकको मर्मत गर्ने ।
४. कच्ची नालीको मर्मत गर्ने ।
५. कल्भर्ट पुलको प्यारापिट वाल, रेलिङ्ग, रिटेनिङ्ग वाल, विङ्गवाल, चेकड्याम मर्मत गर्ने र संरक्षण गर्ने ।
६. वायो इन्जिनियरिङ्ग गर्ने ।
७. नदी संरक्षण गर्ने ।
८. ढलको कभर वदल्ने, मर्मत गर्ने ।
९. कालोपत्रे सडकको सामान्य मर्मत गर्ने, सामान्य क्र्याकको सिलिङ्ग गर्ने ।

(ग) आवधिक मर्मत सम्भार -: आवधिक मर्मत सम्भार गर्दा देहाय वमोजिम कार्यहरु गरिनेछ ।
१. कच्ची नाली निर्माण गर्ने ।
२. पानी निकासको लागि सडकमा ढुङ्गा सोलिङ्ग गरि कज्वे निर्माण गर्ने ।
३. माटे सडकमा भिरालो सडक सतहमा सोलिङ्ग गर्ने ।
४. ग्राभेल सडकमा सतहको ग्रडिङ्ग व्लेडिङ्ग गर्ने ।
५. ग्राभेल सडकमा १० से.मी. रि ग्राभेलिङ्ग गर्ने ।
६. मेसिनरी संरचनाको मर्मत गर्ने ।
७. कालोपत्रे सडकमा सर्फेस ड्रेसिङ्ग, स्लर, सिलिङ्ग, प्रिमिक्स सर्फेसिङ्ग कार्य गर्ने ।

(घ) आकस्मिक मर्मत सम्भार -: आकस्मिक मर्मत सम्भार गर्दा देहाय वमोजिमको कार्यहरु गरिने छ ।
१. आकस्मिक परेको खाल्डा खुल्डी पुर्ने तथा सफा गर्ने ।
२. क्रस ड्रेन स्ट्रक्चर सहित डाइभर्सन निर्माण गर्ने ।
३.सडक पुल कल्भर्टलाई वाढीवाट क्षती पुगेमा संरक्षण गर्ने ।

८. नियमित पटके वा आवधिक मर्मत सम्भारको लागि सडकको छनौट- : उपभोक्ता समितिवाट र वडा समितिवाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भइ आएका एकै प्रकारका सडकहरु मध्ये छनौट गर्दा देहायका आधारमा सवभन्दा वढी आवश्यक र उपयूक्त देखिएको सडकलाई पहिलो प्राथमिकता दिने गरी सडकको छनौट गर्नु पर्नेछ ।

क. अध्यावधिक नगर यातायात गुरु योजना (MTMP) मा परेका सडकहरु
ख. सडकको लम्वाई तथा सडक सञ्चालनमा सो सडकको महत्व
ग. सडकवाट लाभान्वित हूने जनसंख्या
घ. सडक मर्मत सम्भारवाट हूने आर्थिक लाभ
ङ. सार्वजनिक यातायात सञ्चालन हूने सडक
च. नगर स्तरीय सडक, कृषि सडक र ग्रामीण सडक

## परिच्छेद- ६
## मर्मत सम्भार कार्य गराउने व्यवस्था

९. नगर भित्र रहेका सडकहरुको नियमित मर्मत सम्भार, पटके मर्मत, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्तावाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । उपभोक्ता समितिवाट कार्य गराउदा नगरपालिकावाट स्वीकृत उपभोक्ता समिति निर्देशिका अनुसार गरिनेछ । सडकको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार कार्यालय आफैले पनि प्रचलित कानुन वमोजिम गर्न सक्नेछ ।

## परिच्छेद- ७
## संशोधन तथा खारेजी

(१०) मर्मत सम्भार कोष संचालन निर्देशिका संशोधन वा खारेज **गर्नु** परेमा नगर सभा बाट हुनेछ ।

(११) यो निर्देशिकामा उल्लेख भएको कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।
(१२) यस निर्देशिकामा लेखिएका कूराहरु प्रचलित स्थानिय सरकार संचालन ऐन २०७४ संग बाझिएको खण्डमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

.............................................

कैलाश कुमार आले
नगर प्रमुख
भोजपुर नगरपालिका
प्रमाणिकरण मिति : २०७५/२/